# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०८०/८१
च.नं.:- ६८३

मितिः- वि.सं.२०८०/०९/१३ गते शुक्रवार

विषयः- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
श्री स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने कार्यक्रमहरुको लागि *दोस्रो पटक प्रकाशित* ***कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना*** *(७ दिने)* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडावासी कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।
साथै उक्त ***कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना*** *(७ दिने)* थान १ (एक) यसै पत्रासाथ संलग्न गरी पठाईएको छ ।

..............................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री अध्यक्ष ज्यू, भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)- जानकारीको लागि ।
श्री उपाध्यक्ष ज्यू, भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)- जानकारीको लागि ।

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- २०८०/८१
सूचना नं.:- 26

**कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना।**
**(दोस्रो पटक सूचना प्रकाशित मितिः- वि.सं.२०८०/०९/१३ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने ***५० प्रतिशत अनुदानमा उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रम, कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रम, तेलहन वाली (वदाम) प्रवर्द्धन कार्यक्रम, फलफूल वगैचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रम, मसला बाली (अदुवा, हलेदो/वेसार) प्रवर्द्धन कार्यक्रम*** र संघीय सरकारबाट हस्तान्तरित संघ विशेष अनुदान कार्यक्रमहरुतर्फ ***५० प्रतिशत अनुदानमा व्यावसायिक च्याउ खेती तथा च्याउ वीउ वितरण कार्यक्रम, हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) विरुवा वितरण कार्यक्रम***मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने ***भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु***ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले ७ दिन (वि.सं.२०८०/०९/१९ गते)भित्र*** कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः
कार्यक्रम माग गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- समूह/संस्थाको हकमा कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

.................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

.................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. प्रा.स.- मोहन कुमार डाँगी :- ९८४७८६१३२९
३. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
४. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

नोट/पुनश्च:

- <u>व्यक्तिगत कृषकको हकमा:</u>
- <u>उन्नत आलु बीउ वितरण कार्यक्रमतर्फ:</u>- आलुको उन्नत बीउ ३०-५० के.जी.,
- <u>जैविक विषादी वितरण कार्यक्रमतर्फ:</u>- कीटनाशक तथा रोगनाशक जैविक विषादी २-४ डिब्बा, मिश्रित सुक्ष्म खाद्यतत्व २-४ डिब्बा, जैविक मल २-४ डिब्बा
- <u>औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रमतर्फ:</u>- उखुको वानस्पतिक विरुवा १५-३० वटा
- <u>कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रमतर्फ:</u>- सखरखण्डको उन्नत वीउ ३०-५० के.जी.,
- <u>तेलहन बाली (वदाम) बीउ प्रवर्द्धन कार्यक्रमतर्फ:</u>- वदामको उन्नत बीउ ५-१० के.जी.,
- <u>फलफूल वगैचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रमतर्फ:</u>- निलोतुथो २-४ के.जी., कृषि चुन ४-८ के.जी., आलसको तेल १-२ लि. ब्रस १-२ वटा
- <u>मसला बाली (अदुवा, हलेदो/वेसार) प्रवर्द्धन कार्यक्रमतर्फ:</u>- अदुवाको उन्नत वीउ ३०-५० के.जी., हलेदो/वेसारको उन्नत वीउ ३०-५० के.जी.
- <u>व्यावसायिक च्याउ खेती तथा च्याउ वीउ वितरण कार्यक्रमतर्फ:</u>- कन्ये च्याउको वीउ ३-६ प्याकेट, सेतो प्लाष्टिक थैला/झोला आवश्यकता अनुसार, कालो प्लाष्टिक १-२ रोल
- <u>हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) विरुवा वितरण कार्यक्रमतर्फ:</u>- उल्लेखित प्रत्येक वालीको विरुवा १०-३० वटा,
- <u>कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा:</u> व्यक्तिगत कृषकको हकमा उल्लेखित सामग्रीहरुको अधिकतम् के.जी., डिब्बा, वटा, लिटर, प्याकेट, रोल भन्दा बढी माग गर्नुपर्नेछ ।
- ५० प्रतिशत अनुदानमा उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रम, कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रम, तेलहन वाली (वदाम) प्रवर्द्धन कार्यक्रम, फलफूल वगैचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रम, मसला बाली (अदुवा, हलेदो/वेसार) प्रवर्द्धन कार्यक्रम, व्यावसायिक च्याउ खेती तथा च्याउ वीउ वितरण कार्यक्रम र हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) विरुवा वितरण कार्यक्रम माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रीम जम्मा गर्नुपर्नेछ ।
- उल्लेखित कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदनको फारम/ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवां केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको **वेवसाईट** **<u>www.bhumemun.gov.np</u>** र **फेसबुक पेज हेलो भूमे गाउँपालिकावाट** प्राप्त गर्न सकिनेछ ।

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत